# प्रेस विज्ञप्ती

नेपाल सरकार र जनवादी गणतन्त्र चीन सरकार बिच गत बर्ष सम्पन्न भएको समभ्रुदारी अनुरुप जनवादी गणतन्त्र चीनका तर्फबाट युवा अनुभव आदान प्रदानको लागि ३० जना युवाहरुको टोली All China Youth Federation का Deputy Secretary-General Mr Dawa Ciren को नेतृत्वमा यही जुलाई १६, २०११ तदनुसार २०६८।०३।३२ गते बिहान ९:३० बजे नेपाल आईपुगेको छ । उक्त टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल सरकारका तर्फबाट युवा तथा खेलकुद मन्त्रालयका सह सचिव श्री रण बहादुर श्रेष्ठ र मन्त्रालयका अन्य कर्मचारीहरुको टोलीले स्वागत गर्नु भएको थियो ।

चीनबाट आएको युवा टोलीले हिजो २०६८।०३।३२ गते नै नगरकोटको भ्रमण गरी दृश्यावलोकनको कार्य गरेको थियो भने चीनीयाँ टोलीको स्वागतमा माननीय युवा तथा खेलकुद मन्त्री श्री हितबहादुर तामाङले साँझ रात्री भोजको आयोजना गर्नु भएको थियो । सो अवसरमा चीनीयाँ युवा टोलीका अतिरिक्त माननीय युवा तथा खेलकुद मन्त्री श्री हितबहादुर तामाङ, युवा तथा खेलकुद मन्त्रालयका सचिव श्रीराम पन्त, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, नेपालका लागि चीनीयाँ दुतावासका Deputy Chief Of Mission Mrs Xi Hui, विभिन्न राजनीतिक दल सम्बद्ध युवा संगठनका प्रतिनिधिहरु, नेपाल उद्योग बाणिज्य महासंघका प्रतिनिधीहरु, नेपालका विभिन्न युवा उद्यमीहरु, युवा सम्बद्ध संघ संस्थाका प्रतिनिधीहरु लगायत पत्रकारहरुको उपस्थिति रहेको थियो ।

रात्री भोजको अवसरमा माननीय युवा तथा खेलकुद मन्त्री श्री हितबहादुर तामाङले चीनीयाँ टोलीलाई नेपालमा स्वागत गर्नुभयो । गत बर्ष नेपाली युवा टोलीले चीनको भ्रमण गरेको कुरा स्मरण गर्दै नेपाल र चीन बिच रहेको परम्परागत मैत्रीपूर्ण सम्बन्धमा यस प्रकारको टोलीको आदान प्रदानबाट थप सहयोग पुग्ने कुरा बताउनु भयो । साथै एक चीन नीतिप्रतिको नेपालको प्रतिवद्वता दोहोर्‍याउनु हुदै शान्ति स्थापना लाई तार्किक निष्कर्षमा पुर्‍याउने नेपालको प्रयासमा चीनले खेलेको सहयोगात्मक एवं सकारात्मक भूमिकाको प्रसंशा समेत गर्नु भएको थियो ।

माननीय युवा तथा खेलकुद मन्त्री श्री हितबहादुर तामाङले नेपाल र चीन बिचका युवाहरुका आजका समस्या र अवसरहरु केही भिन्न भए पनि धेरै समान पनि रहेका भन्नुहुदै रोजगारी, शिक्षा, स्वास्थ्य, आय आर्जन लगायतका आधारभूत आवश्यकताहरु परिपुर्ति गर्नु पर्ने आवश्यकता एकातिर छ भने युवाहरुलाई दुर्व्यसन, कुलत, एच.आई.भि.एड्स, कम उमेरमै गर्भधारण गर्ने जस्ता समस्याबाट पनि जोगाई राष्ट्रिय विकासको मुलधारमा समाहित गर्नु पर्ने चुनौती समेत रहेको बताउनु हुदै यिनै विविध बिषयहरुलाई संवोधन गर्न भर्खरै राष्ट्रिय युवा नीति २०६६ जारी भएको र सोही नीतिले परिलक्षित गरेका विविध कार्यक्रमहरु मध्ये युवा सहभागिता, नेतृत्व विकास, युवा परिचालन, सशक्तिकरण र अन्तर्राष्ट्रिय आदान प्रदान कार्यक्रमलाई प्राथमिकतासाथ संचालन गरिरहेको कुरा पनि व्यक्त गर्नु भयो ।

उक्त अवसरमा चीनीयाँ युवा टोलीका नेता एवं All China Youth Federation का Deputy Secretary-General Mr Dawa Ciren ले नेपाल र चीन नजिकका असल छिमेकी एवं अभिन्न मित्र रहेको कुरा व्यक्त गर्नु हुदै युवाहरुको बिचमा यस प्रकारको अनुभव आदान प्रदान हुनु पर्ने बताउनु हुदै युवाहरुले एक आपसको अनुभव बाट धेरै कुराहरु सिक्न सक्ने बताउनु भयो ।

रात्रीभोजको अवसरमा नेपालका लागि चीनीयाँ दुतावासका Deputy Chief Of Mission Mrs Xi Hui ले नेपाल र चीन बिच रहेको सदियौ देखिको गाढा सम्बन्ध र मित्रतालाई थप प्रगाढ तुल्याउन यस प्रकारको अनुभव आदान प्रदान कार्यको पनि ठुलो भूमिका हुने कुरा बताउनु हुदै नेपाली तथा चीनीयाँ युवाहरु बिच हुने यस्ता आदानप्रदान भ्रमण र अन्तरक्रियाबाट दुवै देश लाभान्वित हुन सक्ने बताउनु भयो ।

सो अवसरमा दुवै देशका युवा र युवासँग सम्बन्धित संघ, संस्थाहरु बिच नियमित सम्पर्क, विचारहरुको आदान प्रदान, रचनात्मक क्रियाशिलताका लागि स्थायी संयन्त्रको विकास गर्दै अगाडी बढनु पर्ने आवश्यकता रहेको बिचार समेत व्यक्त गरिएको थियो ।